# ललितपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पुल्चोक, ललितपुर
**बागमती प्रदेश नेपाल**

## राजश्व दाखिला सम्बन्धी सूचना ! सूचना !! सूचना !!!

ललितपुर महानगरपालिका कार्यालयले सेवाग्राहीको सुविधाको लागि राजश्व प्रशासन महाशाखा पुल्चोकबाट राजश्व संकलनको लागि सफ्टवयरमा देहाय बमोजिम परिमार्जन गरी लागू गर्ने निर्णय भएकोले सम्बन्धित सबै सरोकारवालाहरुमा निर्णयानुसार जानकारी गरिन्छ ।

१) सेवाग्राहीले यस महानगरपालिकामा राजश्व प्रशासन महाशाखा पुल्चोकबाट कुनै पनि प्रकारको कर भुक्तानी गर्न आउँदा दुई किसिमबाट राजश्व दाखिला गर्न सक्नेछ ।

क) भौचर लिई बैक मार्फत दाखिला गर्ने

ख) फोन पे (QR Code) मार्फत रू. ५०,०००/- (पचास हजार) सम्म दाखिला गर्ने

२) ललितपुर महानगरपालिकाबाट स्थानीय तह आय लेखाङ्कन प्रणालीबाट सिर्जित भौचरमा नेपाल बैंकबाट राजश्व रकम बुझिलिनेको हस्ताक्षरलाई मान्यता दिने र सोही भौचरलाई नगदी रसिदको मान्यता दिने ।

३) ललितपुर महानगरपालिकाबाट स्थानीय तह आय लेखाङ्कन प्रणालीबाट सिर्जित भौचर तीन प्रति हुने र बैकबाट राजश्व रकम बुझेको प्रमाणित पश्चात सेवाग्राहीको प्रति सम्बन्धित करदातालाई बैंकबाट उपलब्ध गराईनेछ ।